**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २५ मई २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. लोकसभा चुनाउको छैठौ चरणमा आज पश्चिम बंगालमा साँझ ५ बजे सम्म संतावन (५७) प्रतिशत मतदान भएको छ।

२. प्रधान मंत्री नरेन्द्र मोदीले चुनाउ लोकतंत्रमा एउटा ठुलो उत्सव रहेको बताउनु भएको छ।

३. भारतको विदेशी मुद्रा भंडार आफ्नो नयाँ सर्वोच्च स्तर ६ खरब ४८ अरब ७० करोड़ डाँलर सम्म पुगेको छ।

४. बंगालको खाडीमा बनेको चक्रवाती तुफान रेमाल प्रति घण्टा ११० देखि १२० किलोमिटरको गतिमा आउन सक्ने सम्भावना व्यक्त गरिएको छ।

५. मालबजार खण्ड अन्तर्गत बाग्राकोटको एम ई एस हाइवे नजिक अर्धनिर्मित फ्लाई ओभरवाट कालेबुङ्गबाट मिरिक फर्किरहेको एउटा वाहन खस्दा वाहनमा सवार एकजना को मृत्यु भएको छ।

**लोकसभा चुनाव**

आज लोकसभा चुनावको छैटौं चरणमा ६ राज्य र दुई केन्द्र शासित प्रदेशका ५८ संसदीय निर्वाचन क्षेत्रमा मतदान भएको छ। बिहारका आठए हरियाणाका सबै १०, दिल्लीका सबै सात, झारखण्डका चार, ओडिशाका छ, उत्तर प्रदेशका १४, पश्चिम बंगालका आठ र जम्मू कश्मीरका एक सिटमा साँझ ५ बजेसम्म ५८ प्रतिशतभन्दा बढी मतदान भएको छ। पश्चिम बंगालमा लगभग ७८ प्रतिशतए झारखण्डमा ६१ प्रतिशतभन्दा बढीए ओडिशामा लगभग ६० प्रतिशत र हरियाणामा लगभग ५६ प्रतिशत मतदान भएको थियो। दिल्लीमा ५४ प्रतिशतए बिहार र उत्तर प्रदेशमा ५२ प्रतिशतभन्दा बढी र जम्मू कश्मीरमा ५१ प्रतिशतभन्दा बढी मतदान भएको छ।

****** ० ******

**पीएम डीडी साक्षात्कार**

प्रधानमंत्री नरेंद्र मोदीले चुनाव लोकतंत्रमा एउटा ठुलो उत्सव रहेको अनि भावी पीढ़िहरुको मनमा लोकतंत्रको मूल्यहरुलाई स्थापित गर्ने एउटा ठूलो अवसर रहेको बताउनु भएको छ। दूरदर्शन समाचारलाई दिनुभएको एउटा साक्षात्कारमा श्री मोदीले सरकार तथा राजनैतिक दलहरुले आफ्नो कामको हिसाब जनतालाई दिनु पर्ने कुरो माथि पनि जोड़ दिनु भयो। क्षी मोदीले, आफूले चुनावलाई मानिसहरु सित भेट वार्ता गर्ने एक प्रकारको अभियानको रुपमा लिने कुरो पनि बताउनुभयो।

****** ० ******

**बिहार-प्रधानमंत्री काराकट रैली**

प्रधानमंत्री अनि भारतीय जनता पार्टीको वरिष्ठ नेता नरेंद्र मोदीले कांग्रेस अनि आई.एन.डी.आई गठबंधनसित कुनै दृष्टिकोण नरहेको तथा आई.एन.डी.आई गठबंधन भ्रमित दलहरुको गठबंधन रहेको बताउनु भएको छ। उहाँले आज बिहारको कराकटमा भन्नुभयो कि आई.एन.डी.आई गठबंधनको कुनै नीति छैन अनि यस गठबंधनको दलले वोटबैंकको राजनीतिको लागि पाकिस्तानसित परमाणु बम रहेको, अनुच्छेद 370 तथा आतंकवादको मुद्दाहरु उठाएर मानिसहरुलाई डर देखाउन चाहेको आरोप पनि लगाउनुभयो। श्री मोदीले आई.एन.डी.आई गठबंधनको नेता भ्रष्टाचारमा लिप्त रहेको जसकारण केन्द्रीय एजेंसीहरुले उनीहरु माथि कार्रवाही गरिरहेको पनि बताउनुभएको छ।

****** ० ******

**राष्ट्रपति -उपराष्ट्रपति मतदान**

राजधानी दिल्लीमा लोकसभा चुनावको छैटौ चरणमा आज राष्ट्रपति द्रौपदी मुर्मु ,उपराष्ट्रपति जगदीप धनखड अनि दिल्लीका मुख्यमंत्री अरविंद केजरीवाल सहित कयों प्रमुख व्यक्तिहरुले मतदान खसाले। कांग्रेसका वरिष्ठ नेता सोनिया गांधीए राहुल गांधीए प्रियंका गांधी केंद्रीय मंत्री डॉ एस. जयशंकर औ हरदीप पुरीए दिल्लीका मंत्री अनि आम आदमी पार्टीका नेता आतिशी तथा मुख्य चुनाव राजीव कुमारले पनि दिल्लीमा आफ्नो आफ्नो मतदान केंद्रहरुमा भोट खसाए|यस बाहेक गृह सचिव अजय भल्लाए मार्क्सवादी कम्युनिष्ट पार्टीका नेता बृंदा करातए भाजपा उम्मीदवार मनोज तिवारी अनि कांग्रेस उम्मीदवार उदित राजले पनि मतदान गरे। हाम्रा संवाददाताले बताएका छन् कि राजधानीमा भीषण गर्मीमा पनि मानिसहरु बिहान देखि नै अधिक संख्यामा मतदानमा हिस्सा लिरहेका छन्|

****** ० ******

**विदेशी-मुद्रा**

भारतको विदेशी मुद्रा भंडार गत 17 मईको दिन समाप्त भएको सप्ताहमा चार अरब चौवन (54) करोड 90 लाख डॉलर बढ़ेर आफ्नो नयाँ सर्वोच्च स्तर छह खरब 48 अरब 70 करोड डॉलर सम्म पुगेको छ। विदेशी मुद्रा भंडारमा बढोत्तरी दर्ता गरिएको यो लगातार तेस्रो सप्ताह हो। यसै सप्ताह स्वर्ण भंडार पनि एक अरब 24 करोड 40 लाख डॉलर बढ़ेर संतावन (57) अरब 19 करोड 50 लाख डॉलर पुगेको छ।

****** ० ******

**पश्चिम बंगाल चुनावी हिंसा**

पश्चिम बंगालको आठ लोकसभा सिटका लागि आज छैटौं चरणको मतदान सम्पन्न भयो। यसैबीच केही क्षेत्रमा छुटपुट हिंसाका घटना भएको खबर प्राप्त भएको छ ।निर्वाचन आयोग समक्ष इलेक्ट्रोनिक भोटिङ मेसिनमा खराबी आएको र पुलिंग एजेन्टलाई बुथ प्रवेशमा रोक लगाएको साथै अन्य आरोपमा ९ सय ५४ प्रथामिकी दर्ता भएको राज्य प्रमुख निर्वाचन अधिकारीको कार्यालयले जनाएको छ।

****** ० ******

**भाजपा उम्मीदवार हमला- पश्चिम बंगाल**

पश्चिम बंगालमा मिदनापुर ज़िल्लाको झाड़ग्राम संसदीय निर्वाचन-क्षेत्रबाट भारतीय जनता पार्टीको उम्मीदवार **डॉक्टर प्रणत टुडू** माथि आज गड़बेतामा केही उपद्रवीहरुले हमला गरेको खबर प्राप्त भएको छ। यस हमलामा डा टुडू को एकजना सुरक्षाकर्मी गंभीर रूपले घायल भएको छ। पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीले य**स मामलामा गरिएको कार्रवाही** बारे रिपोर्ट मांगेको छ।

****** ० ******

**चक्रवात**

मौसम विभाग भनेको छ कि चक्रवात रेमलश्को प्रभावले पश्चिम बंगाल अनि उत्तरी ओडिशा का तटीय इलाकाहरुमा तेज हावाको साथ अत्यधिक तीव्र वर्षा हुने संभावना छ। विभाग ले भनेको छ कि बंगालको खाड़ीमा बनेको दबाव भोलि भीषण चक्रवाती तूफानमा परिणत हुनेछ| तूफान भोलि आधा रात सम्म पश्चिम बंगालको तटीय इलाकाहरु सित से टकराउने छ अनि 110 देखि 120 किलोमीटर प्रति घन्टाको गतिमा हावा चल्ने छ। पश्चिम बंगाल को उत्तर अनि दक्षिण 24 परगना औ पूर्वी मेदिनीपुर जिल्लाहरुमा हावाको गति रफ्तार सबभन्दा अधिक हुने छ। उत्तरी ओडिशा को तटीय इलाक हरुको अलग-अलग भाग हरुमा पर तिव्र वर्षा हुन् सक्ने सम्भावना छ अनि हावाको गति 40 देखि 50 किलोमीटर प्रति घण्टा हुनेछ। पूर्वोत्तरका सबै राज्यहरुमा वर्षा हुने संभावना छ अनि कतिपय इलाक हरुमा अत्यधिक तेज वर्षा हुने चेतावनी जारी गरिएको छ|

****** ० ******

## सिलीगुड़ी रामकृष्ण मिशन

सिलीगुड़ी रामकृष्ण मिशन मामलामा भक्ति नगर थाना पुलिसले अझ दुइ आरोपितहरुलाई गिरफ्तार गरेको छ। भक्ति नगर थाना पुलिसले हाल सम्म यस मामलामा सात आरोपितहरुलाई गिरफ्तार गरिसकेको छ। यद्धपी मुख्य आरोपितलाई अहिले सम्म पुलिसले पक्राउ गर्न सकेको छैन। उल्लेखनीय छ सिलीगुड़ीको सालूगाड़ा स्थित रामकृष्ण मिशनको जमीन कब्जा गर्ने उद्देश्यले गत 19 मई राती भू-माफियाहरुले हथियारहरु लिएर साधु-संत तथा सुरक्षा गार्डहरुलाई कुटपीट गर्दै साधु-संतहरुलाई रामकृष्ण मिशन छोड्ने धमकी दिइको थियो। घटनालाई लिएर राज्यमा राजनीति चर्किएर गएको छ। यसको साथै राज्यमा कानून व्यवस्था माथि प्रश्न खड़ा गरिन्दैछ। राज्य सरकारले घटनाको संबंधमा त्वरित कार्रवाही गर्न जिला सिलीगुड़ी मेट्रोपोलिटन पुलिसलाई जिम्मा दिएको थियो। जस पछि भक्ति नगर थाना पुलिसले यस मामलामा अझ दुइ आरोपितहरुलाई गिरफ्तार गर्दै हाल सम्म कुल ७ जना आरोपितहरुलाई गिरफ्तार गरेसकेको छ।

****** ० ******

## कार दुर्घटना

बाग्राकोटको एम.ई.एस हाइवे नजिक नविनिर्मित फलाई ओभर बाट कार खस्दा ,कारमा सवार एक जनाको मृत्यु भएको खबर प्राप्त भएको छ भने अन्य चार जना गंभीर रूपमा घाईते भएका छन्। सूचना अनुसार चालक अनि कारमा सवार मानिसहरू मिरिक निवासी रहेको थाहा लागेको छ। कालेम्पोङबाट मिरिक फर्किरहेको समय बाग्राकोटको अर्ध निर्मित

****** ० ******

## देवर्षि नारद सम्मान

खरसाङका पत्रकार हनोक थापालाई खरसाङको एक कार्यक्रमबीच देवर्षि नारद सम्मानद्वारा सम्मानित गरिएको छ। विश्व संवाद केन्द्र खरसाङको आयोजनामा गोर्खा जनपुस्ताकालय खरसाङको पारसमणि प्रेक्षागृहमा सम्पन्न देव ऋषि नारद जयन्तीको समारोहमा पत्रकार हनोक थापालाई देवर्षि नारद सम्मानद्वारा सम्मानित गरिएको छ। उक्त कार्यक्रमको अध्यक्षता समाजसेवी टीटी लामाले गरेका थिए भने प्रमुख अतिथिको रुपमा आकाशवाणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आले उपस्थित थिए भने विशिष्ट अतिथिको रूपमा पण्डित केशव मिश्रए समीर घोषए तीनधारे उच्चत्तर माध्यमिक विद्यालयको पूर्व शिक्षक टिकादत्त गिरीए अश्विनी अग्रवाल आदि उपस्थित रहेका थिए। विश्व सुब्बा र सबिता छेत्रीद्वारा सञ्चालन गरिएको कार्यक्रममा स्वागत सम्भाषण अशोक चौरासियाले राखेका थिए। कार्यक्रममा देव ऋषि नारद जयन्ती विषयमा पण्डित केशव मिश्रले सम्भाषण राखेका थिए। कार्यक्रममा अरनवी चौरासियाले नारदको मन्त्रोच्चारण गरेका थिए। यसै कार्यक्रममा पत्रकार हनोक थापालाई देवर्षि नारद सम्मानद्वारा सम्मानित गरिएको छ। यस अवसरमा उनलाई खदार्पणसहित नरिवल प्रदान गर्दै सभाध्यक्ष टीटी लामाको बाहुलीबाट शल ओढ़ाएर सम्मान जनाइएको थियो भने प्रमुख अतिथि पारसचन्द्र आलेको बाहुलीबाट स्मृति चिन्ह प्रदान गरियो भने विशिष्ट पण्डित केशव मिश्रको बाहुलीबाट सम्बर्ध्दना पत्र प्रदान गरी सम्मान जनाइएको छ। कार्यक्रममा प्रमुख अतिथि पारसचन्द्र आलेए सभाध्यक्ष टीटी लामाले पनि वक्तव्य राखेका थिए। कार्यक्रममा आफ्नो सम्बोधनमा सम्मान प्रापक पत्रकार हनोक थापाले यस सम्मानले पत्रकारिता क्षेत्रमा निष्पक्ष र स्तरीय पत्रकारिताको लागि अझ हौसला र प्रेरणा प्राप्त भएको बताएका छन्। उनले विश्व संवाद केन्द्र खरसाङप्रति आभार प्रकट गरेका छन्। कार्यक्रममा धन्यवाद ज्ञापन सबिना गिरीले राखेका थिए।

****** ० ******

****** ० ******